"समृद्ध नगर, आत्मनिर्भर नगर बासी, स्वच्छ नगर र सुखी नगरबासी"
नारायण नगरपालिकाको बाह्रौ नगर सभामा नगर प्रमुख श्री लोमन शर्मा ज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

नगर उपप्रमुख एवं यस सभाका उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगर सभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारीज्यूहरु,

संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना भई संघीयतालाई कार्यन्वयन गर्ने क्रममा वि. स. २०७४ सालमा पहिलो पटक स्थानिय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधीहरुको कार्यकाल सम्पन्न भई स्थानीय तहको दोस्रो निर्वाचनको पहिलो वर्ष सम्पन्न गरी २ वर्षको हामी प्रारम्भमा छौं । नेपालको संविधान ले गरेको व्यवस्ता तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८०।०८१ का लागि नारायण नगरपालिकाको यस गरिमामय नगर सभामा नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म गौरवान्वित महशुस गरिरहेको छु । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना र नेपाली जनताको पटक-पटकको बलिदानि पूर्ण संघर्ष र विभिन्न जनआन्दोलन तथा मुलुकको समृद्धि र अग्रगमनका लागि बलिदानिपूर्ण संघर्षमा आफनो अमुल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै नगरलाई विकासका लागि विभिन्न पटक नेतृत्वदायि भुमीका निर्वाह गरि योग्दान गर्नु हुने श्रदेय जनप्रतिनिधिहरु सहित सम्पूर्ण नगरबासीहरुमा हार्दिक कृतज्ञाता व्यक्त गर्दछु ।
यस पूर्व २०७९ बैशाख ३० गते सम्पन्न स्थानिय तहको निर्वाचनबाट हामी निर्वाचित भएर कार्यभार समालेको एक वर्ष अवधि पुरा भएको छ । यस अवधिमा तीनै तहमा निर्वाचित हुनुहुनेलाई हार्दिक बधाइ ज्ञापन गर्दछु । नगरको बृहत्तर हितमा रहनुका साथै समृद्ध नगर निर्माण गर्ने हाम्रो संकल्प पूरा गर्न यहाँहरुको कार्यकाल सफल रहोस भनि शुभकामना व्यक्त गर्दछु ।
नगरसभा सदस्य ज्यूहरु
आ.व. २०७९।०८० प्रस्तुत गरेको नीति कार्यक्रमको आधारमा हामीले बजेट निर्माण गरी कार्यन्वयनको अन्तीम चरणमा छौं । यस अवधिमा पालिकाको गतिविधी र उपलब्धी बारे संक्षिप्तमा समिक्षा गर्न चाहान्छु । जसका कारण सकारात्मक नतिजा देखिन थालेको छ । हामीले कार्यभार समालेको छोटो अवधिमा प्राप्त उपलब्धीहरु उत्साह जनक छन् । शिक्षा, स्वास्थ्य, सडक, सिचाई, खानेपानी, विधुतीकरण, कृषी व्यवसाय, पशुपालन व्यवसाय, साना तथा लघु घरेलु उद्योगको विकास तथा विस्तार, लैङ्गीक समानता, योजनाबद्ध पालिकाको विकासको थालनी, पर्यटकीय, यूवा तथा खेलकुद लगायत विभिन्न क्षेत्रमा कार्यक्रमिक योजनाका साथ हामी अघी बढी रहेका छौं । संघीय लोकतान्त्रीक गणतन्त्रको संस्थागत विकास गर्नका लागि हामीले पालिकालाई सुशासनयुक्त पालिका निर्माण गर्न सुशासनका विभिन्न औजार जस्तो सार्वजनिक सुनुवाई सामाजिक परिक्षण नागरिकको गुनासो सम्बोधनका लागि टोल फ्री नम्बर १६६०८९१११३५ नागरिकसंगको आमनेसामने बसी विभिन्न छलफल गरी स्थानिय सरकारको रुपमा नागरिकमा अनुभुति गराएका छौं । पालिकाको कामलाई चुस्त दुरुस्त बनाउनका लागि पालिकाले निर्माण गरेको बार्षिक कार्यतालिका अनुरुप जेष्ठ महिनामा नै भूक्तानि गर्नका लागि अधिकत्तम प्रयास गरेको छौ ।
नगरसभाका सदस्य ज्युहरु,
हामीसंग सिमित स्रोत र साधन छ नागरिकका मागहरु र हामी सगंका अपेक्षाहरु असिमित छन् । सिमित साधन र स्रोतमा जनअपेक्षालाई व्यवस्थापन गर्नु पर्ने छ । विगत देखी नै राष्ट्रिय अर्थतन्त्रका सुचाङ्कहरु महाभुकम्प कोभिड १९ को महामारी विभिन्न पटक प्राकृतिक तथा मानवीय प्रकोपका साथै विश्वभरी भएको आर्थिक तरलताका कारण हाम्रो पालिका पनि बजेट कटौतिको शृङ्खलामा परेको छ । हाम्रो पालिकाको मुख्य आम्दानिको रुपमा स्थानिय ढुङ्गा, गिट्टी, बालुवा र नागरिकले तिर्ने विभिन्न सेवा शुल्क, एकिकृत सम्पतीकर आदी मुख्य स्रोत हुन । तथापी आर्थीक समस्या भएता पनि यस नगरलाई समृद्ध, सवल सुशासनको प्रत्यभुति, विकास निर्माण कार्यमा तिव्रता सेवा प्रवाहमा सरलीकरण, सामाजिक न्यायको प्रवर्दन, समानुपातिक विकास उत्पादन र रोजगारी बृद्धि, हरित सडक निर्माण पर्यावरणीय सन्तुलन, आर्थीक सामाजिक विभेदको अन्त्य लगायतका विषयमा हाम्रो पालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेटमा यीनै प्राथामिकतामा राखी हाम्रो पालिकाको आकाङ्क्षा "समृद्ध नगर आत्मनिर्भर नगरवासी स्वच्छ नगर सुखी नगरवासी" को अवधारण लाई आत्मसात गर्दछौं ।

नगरबासीका माग र आवश्यकताको आधारमा स्थानिय निर्वाचनमा नगरवासी समक्ष गरेको प्रतिबद्धता र संकल्पलाई पूरा गर्न बजेट निर्माणदेखी कार्यन्वयन प्रक्रिया सम्मको पुनरावलोकन गरी पूँजीगत खर्च बृद्धि गरिने छ र खर्चमा मितव्ययीता कायम गरि वित्तिय जवाफदेहीतालाई कडाईका साथ लागु गरी आर्थीक प्रशासनलाई थप पारदशिता र नतिजामुखी वनाई संघ, प्रदेश सरकारको सहयोग र समन्वयका साथ स्थानिय, उधोगी, व्यापारी समाजसेवी, शिक्षा प्रेमी, संचारकर्मी, लगायत सम्रग नगरबासीको सक्रिय सहभागीता र सहयोगलाई मुख्य आधारस्तम्भ मानि हाम्रो नगर राम्रो नगर बनाउन विषेश जोड दिईने छ ।

नागरिकलाई सहज रुपमा सेवा प्रदान गर्नका लागि सेवालाई नागरिक मैत्री र कार्यक्रमको प्रभावकारी कार्यन्वयन गरी संघीयतालाई सस्थागत गर्ने जनमैत्री कानून तथा योजना बनाई कार्यन्वयन गर्ने काम भई रहेको छ । पालिकाको समग्र विकासमा नागरिकको संलग्नता र महसुस हुने गरी उल्लेख्य सुधारका कामहरुलाई महत्व दिईने छ ।

हामी जनप्रतिनिधी भएको एक वर्षमा विकास निर्माणका क्षेत्रमा भएका प्रमुख उपलब्धीहरु स्मरण गर्न चाहान्छु । यस अवधिमा नगरपालिका भित्र राष्ट्रिय गौरवको रुपमा रहेको पुष्पलाल लोकमार्ग निर्माण कार्य नगरपालिका खण्डको काम अन्तीम अवस्थामा रहेको छ भने दैलेख-महाबु सडक खण्डका निर्माण कार्य भई रहेको छ । पालिका भित्रका लामा छोटो गरी करीब ५ किलोमीटर सडक पक्की भएको छन् । करीब २० किलोमीटर सडक स्तरोउन्नती गर्ने कार्य भएको छ । २२५ किलोमीटर सडक मर्मत सम्भार गर्नूका साथै २ किलोमिटर सडक नयाँ ट्र्याक खोलीएको छ । ३ वटा वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न हुने अवस्थामा छन् । एक वटा स्वास्थ्य चौकी निर्माणधिन अवस्थामा रहेको छ । पर्यटन प्रवर्द्धनका लागि ऐतिहासीक कोतगढीको पूर्वाधार विकास भई यसै वर्ष सम्पन्न हुने अवस्थामा रहेको छ । नगरपालिका भित्रका ५ विद्यालयको भवन निर्माण कार्य यसै आ.व.मा सम्पन्न हुने अवस्थामा रहेका छन् । पालिकामा थप नागरिकलाई सुविधा दिने उदेश्यले सववहान र एम्वुलेन्सको व्यवस्था गरिएको छ । संविधानको मर्म अनुरुप तीनै वटा सरकारको सहअस्तित्व, सहकारी र समन्वय अनुरुप नवप्रवद्धन कार्यक्रमबाट  रेन्वो ट्राउड माछा, स्थानीय प्रजातीका बाख्रा, भैसी, स्थानीय जातका कुखुरा, बङ्गुर पालन, कृषकलाई विउ, सिँचाई पोखरी र समूहमा आवद्ध कृषकलाई आत्म निर्भर बनाई बजारीकरणका लागि कृति देवल बहुउदेश्य सहकारीलाई दुई वटा कोल्ड स्टोर र एक थान बलेरो जिप खरीदमा साझेदारी गरी सहयोग गरिएको छ । लघुउद्ययमबाट उधमीको क्षमता विकास तथा व्यवसाय प्रर्वधनमा हामीले काम गरेका छौं । केन्द्र सरकारको मापदण्डका आधारमा मृगौला प्रत्यारोयण र डाईलोसिस, क्यान्सर, मेरुदण्ड पक्षघातका विरामीलाई प्रति व्यक्ति पाँच हजारकादरले सामाजिक सुरक्षा भत्ता, एकल पुरुष  तथा यौनिक अल्पसंख्यक गरी ६७ जनालाई सुरक्षा भत्ता  एक हजारका दरले प्रदान गर्ने कार्य थालनि गरेका छौं । यसै गरी २६५ मानसिक रोगी र ३२१२ दिर्घरोगी र जेष्ठ नागरिकलाई घरदैलो मार्फत निःशुल्क चेकजाचँ तथा औषधी वितरण गर्ने कार्य गरेका छौं । पशु चौपायमा आएको लम्कीस्कीन महामारीको औषधी उपचार गरेका छौं । घरपालुवा कुकुरहरुमा लाग्ने रेविज तथा खुईलो रोगको  लगायत अन्य रोग नियन्त्रण गर्ने कार्य गरेका छौं । पालिकाको भु-उपयोग निति २०८०, आवधीक योजना २०८०/०८१-०८४/०८५, खानेपानी तथा स्वच्छता योजना (WASH Plan)  तयारीको अन्तिमा चरण छ । चार वटा ऐन कानून तथा बाह्र वटा कार्यविधी निर्माण गरीएको छ । ना.न.पा. ४ मा टेलीकम टावर निर्माण, ३० विधालयमा निशुल्क इन्टरनेट सेवा उपलब्ध गराएका छौं । पाँच वटा विधालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र आईसिटी ल्याव निर्माण गरेका छौं । आठ वटा विधार्थीलाई ३ वर्षे प्राविधिक शिक्षा प्राप्तीका लागी छात्रवृति उपलब्ध गराएका छौं । वसपार्क निर्माण कार्यलाई निरन्तरता दिदै साहारे नगर खानेपानीबाट २२०६ घरधुरीलाई न्यूनतम पानी महशुल नारायण नगरपालिकाले छुट दिईएको छ । गर्भवती महिलासंग उमप्रमुख भेटघाट कोशेली कार्यक्रम अनुसार ३१४ जनालाई पोषण  तथा कोशेली वितरण गरिएको छ । १४० खानेपानी धाराहरु मर्मत र थप वितरण गरिएको छ । नगरपालिका भित्र अव्यवस्थित र भूमिहिन दलितलाई पहिलो चरणमा जग्गा प्राप्तीको लागी ३११ जनालाई दर्ता निस्सा उपलव्ध गराईएको छ । खेती योग्य जमिनमा सिँचाई पुर्‍याउनका लागी दुई वटा लिफ्टीङ तथा चार वटा वृहत सिँचाई कूलो सम्पन्न हुने अवस्थामा छन् ।

माथि उल्लेखित पूर्वाधार विकासका दृष्टान्त तथा शिक्षा, स्वास्थ्य, सुशासन लगायत विपद व्यवस्थापन मानवता प्रर्वधन एवं सामाजिक विकासका क्षेत्रमा भए गरेका कार्य र हामीले भएका उपलब्धीले हामी जनप्रतिनिधीको १ वर्ष कार्यकाल नगरको समग्र विकासमा पूर्णरुपमा सफल रहेको तथ्यलाई उजागर गर्दछन् । साथै यसै जगमा नगरवासीको सर्वोत्तम हित प्रवर्धन गर्ने प्रशासनलाई विकास मैत्री बनाउने कर्मचारीको मनोवल बढाई सुशासन प्रवर्धन गर्ने र फजुल खर्च कटौती जस्ता मान्यताबाट निर्देशित भई आर्थिक वर्ष ०८०।०८१ को नीति तथा कार्यक्रम तयार पारि यस सम्मानीत नगर सभा समक्ष प्रस्तुत गर्न  अनुमति चाहान्छु ।

नगरसभा सदस्य ज्यूहरु,

१. नगरस्तरीय गौरवका आयोजनाहरुमा रहेका नगर चक्रपथ, पाँच शैयाको त्रिवेणी अस्पताल पूर्वाधार निर्माण, कोटिला पंचकोशि ताल, राईली त्रीपानी पर्यटकीय पूर्वाधार, बेलासपुर दरवार, माल्ली रंगशाला, पंचदेवल संरक्षण, डि-पार्क, बहुउदेश्यीक कम्पेलेक्स भवन, ल्याड फिल्ड साईड पूर्वाधार निर्माण, पुरानो बजार साँस्कृतिक बजार, एक घर एक धारा निर्माण, जिल्ला अस्पतालमा विशेषज्ञ सेवा संचालन, बजार क्षेत्रको ढल व्यवस्थापन, एक माध्यमिक विद्यालय एक प्राविधिक विषय संचालन, बहुआयमिक नर्शरी पशुपंक्षी विकास प्रयोगशाला र माटो परीक्षण प्रयोगशाला निर्माण आदि रहेको छन् । डिपीआर,आ.ई.ई र ए.आ.ई. भएका आयोजनाहरु स्थानीय तहको बजेटबाट मात्र सम्पन्न गर्न नसकिने हुँदा आयोजना संचालनका लागि कर्णाली प्रदेश सरकार र संघीय सरकार तथा राष्ट्रिय र अन्तराष्ट्रिय साझेदार विकास संस्थासँग आवश्यक पहल गरी निर्माण गर्ने कार्य निरन्तरता दिइनेछ ।
२. पर्यटकीय क्षेत्रका सडक र कृषि सडकलाई हरियालीयुक्त सडक बनाई पर्यटकीय पदमार्गको सम्भाव्यता अध्ययन गरिने छ ।
३. नगरदेखि वडा केन्द्र सम्मको सडक पक्की गरिदै लगिनेछ ।
४. निर्माण हुन बाँकी वडा कार्यालयहरु, स्वास्थ्य चौकीका भवनहरु २ वर्ष भित्र निर्माण गरिनेछ ।
५. मुख्य सडक तथा बजार क्षेत्रहरुमा सडक बत्ति, सवारी पार्किङ र मनोरम लघु पार्कहरु निर्माणका लागि सम्भाव्यता अध्यायन गरिने छ ।
६. सडकमा अनुचित ढङ्गबाट राखिएका निर्माण सामग्रीको कारण आवागमनमा अवरोध हुने तथा दुर्घटना समेत हुने हुदाँ त्यस्तो कार्यलाई कडाईका साथ नियन्त्रण गरिनेछ ।
७. नगर भित्रका विधालय, स्वास्थ्य सस्था, वडा कार्यालय र पालिकाको मुख्य प्रशासनिक भवनमा तोकिएको कलर कोड प्रयोग गरी रङ्गरोगन लगाउने व्यवस्था मिलाउने छ ।
८. बजार क्षेत्रको ढल व्यवस्थापन गर्न सम्बन्धीत निकाय संग समन्वय गरी ढलको फोहोर पानिलाई प्रसोधन गरी सम्भावीत क्षेत्रहरुको पहिचान गरी सिँचाईमा प्रयोग गरिने छ ।
९. भवन निर्माण संहितालाई कडाइका साथ कार्यन्वयन गरी सबै खाले घरटहरा निर्माण कार्यलाई नियमन गरी नक्सा पासको दायरामा ल्याईने छ ।
१०. हरेक वडाहरुको भौगोलिक तथा प्राकृतिक बनोट, विकास तथा सुविधाको पहुँच र पहिचानमा विविधता सोही बमोजिम विकास निर्माणको आयोजनाहरु कार्यान्वियन गरिने छ ।
११. नगरपालिकाको आवधिक योजनाको प्राथमिता अनुसार बजेट तर्जुमा गरिने छ ।
१२. हरेक वडाको सिमाना अनुसार वडागत डिजिटल गुरुयोजना र प्रोफाइल तयार गरिने छ ।
१३. ना.न.पा ६ काँडाचौर स्थित.मदन भण्डारी व्यामशालालाई व्यवस्थीत गर्नका लागी निरन्तरता दिईने छ।
१४. नगर भित्रका साँस्कृतिक सम्पदाहरुको सूचिहरुको सर्वेक्षण गरी महत्वपूर्ण सम्पदा स्थलहरुको सम्पदा संरक्षण गुरुयोजना तयार गरिने छ ।
१५. नगरपालिकालाई हरियाली,वातावरण मैत्री खेलकुद मैत्री पालिकाको रुपमा अगाडी बढाउन एक वडा एक पार्क, एक विद्यालय एक खेल मैदान, एक वडा एक हरियाली सडक बनाईने छ ।
१६. अव्यवस्थीत बसोबास कार्यलाई नियन्त्रण गर्न पालिकाले तयार गरेको भु-उपयोग नीति तथा मापदण्डलाई कार्यन्वयनमा कडाइ गरिने छ ।
१७. एकिकृत सम्पती संकलनलाई व्यवस्थीत गर्न प्रत्येक वडाको घरलाई व्यवस्थित गर्न घर नम्बर कायम गर्ने कार्यको प्रारम्भ गरिने छ ।
१८. प्रत्येक आर्थिक वर्षमा कुनै २ वटा टोललाई नमुना टोलको रुपमा विकसीत गराउने निति अनुरुप यो वर्ष ना.न.पा ४ को देवलकाडाँ र ना.न.पा ३ को पल्लो कालिमाटी टोललाई लिइने छ ।
१९. औधोगिक ग्राम स्थापनाका लागि आवश्यक पहल गरिने छ ।
२०. पुरानो बजार स्थित स्थानीय लोक संस्कृती संरक्षण एंव रैथाने खाना र बजारको चहलपहल बढाउन आवश्यक पहल गरिने छ ।
२१. निर्माण कार्य गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याव परिक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ ।
२२. रोजगारी सिर्जना हुने आयोजनाको जनसहभागिता जुटाउने सम्भाव्यता अध्ययन गरी ५० लाख रकम भन्दा माथिका आयोजनाको बोलपत्र मार्फत कार्यन्वयनमा ल्याईने छ ।

२३. नगरपालिकाको रिङ्गरोड, कृषी सडक स्तारोन्नती, नदी तटवन्धन पुल लगायत भौतिक पूर्वाधारका कामहरु केन्द्र एवं प्रदेश सरकारको समन्वयमा अघि बढाईनेछ ।

२४. नगरपालिका नागरिकलाई स्वस्थ्य रहनको लागि व्यायामशाला, योगा भवन र मनोपरामर्श केन्द्र निर्माण गरिनेछ ।

२५. यस नारायण नगरपालिकामा सार्वजनिक स्थानको पहिचान गरि सार्वजनिक स्थानमा प्रतिक्षालय, शौचालय निर्माण तथा मर्मत गरिने छ ।

२६. खरको छानामुक्त अभियानलाई निरन्तरता दिँदै आगामी २ वर्षभित्र नगर भित्रका सबै घरमा जस्तापाता लगाइनेछ ।

२७. पर्यटनको पूर्वाधार विकासमा स्थानीय संघ-संस्था, समुदाय तथा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

२८. विजुली बत्ति नपुगेका टोल र वस्तिमा १ वर्ष भित्र विद्युतिकरण गरिनेछ ।

२९. नगरपालिकाको बजार क्षेत्र भित्र बहुआयामीक कम्पेलेक्स भवन र बृहत्तर सभाहलको निर्माण गर्न कर्णाली प्रदेश सरकार र संघिय सरकारसँग समन्वय गरि कार्य अगाडि बढाइनेछ ।

३०. पूर्वाधार विकासको लागि सार्वजनिक निजी साझेदारी इकाई (PPP Model) अवधारणा लागु गरिनेछ ।

३१. बढदो सडक दुर्घटना न्यूनिकणको लागि विधालय तथा क्याम्पस स्तरका विधार्थीहरुलाई लक्षीत गरी ट्राफिक नियम सम्बन्धी जनचेतना कार्यक्रम गरिने छ ।

आर्थिक विकास

३२. खाध्यान्न बालीको उत्पादन तथा उत्कपादकत्व वृद्धिमा मूल बीउ, उन्नत बीउमा आत्मनिर्भर बनाउन कृषि यान्त्रीकरण, आधुनीकिकरण गर्न क्षमता विकास तथा प्राविधिक परिचालन गरिने छ ।

३३. फलफूल, तरकारी, च्याउ, केरा, ओखर र वेमौसमि विउ विजन जस्ता कृषि उत्पादनको विकासका लागि नगरपालिका भित्र सम्भाव्य पकेट क्षेत्र तोकी एकीकृत नमूना कृषि तथा पशुपंक्षी फर्म निर्माण गरिनेछ ।

३४. वडा नं. १० मा निर्माण सम्पन्न भएको हाईटेक नर्सरीलाई फलफूल र जडिबुटिको नर्सरी गर्न आवश्यक पहल गरिने छ ।

३५. जैविक तथा रासायनिक मलको सहज आपूर्तीका लागि पहल गरिने छ ।

३६. रसायनिक विषादिलाई निरुत्साहित गर्दै जैविक विषादि तथा बानस्पतिक विषादिको प्रयोगलाई प्रोत्साहित गरिने छ ।

३७. नगरपालिकाभित्र रहेको पानिका मुहान पहिचान गरी नगरबासीलाई एक घर एक धाराको नीतिलाई अंगिकार गरी शुद्ध पिउने पानिको व्यवस्था गरीने छ ।

३८. नगरको सहारे खानेपानीबाट लाभ प्राप्त गर्ने विपन्न घरधुरीका नागरिकलाई निःशुल्क धारा जडानका लागि आवश्यक पहल गरिने छ ।

३९. सहारे खानेपानी उपयोग गर्ने नगरबासीहरुको खानेपानीको न्यूनतम शुल्क मिनाह कार्यक्रम यो वर्ष पनि निरन्तरता दिईने छ ।

४०. नगर भित्रको बजार क्षेत्र भित्र एकिकृत खानेपानी तथा ढल व्यवस्थापनको लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन विभाग संग आवश्यक समन्वय गरी यसै आर्थिक वर्षमा सम्भाव्यता अध्ययन कार्य अगाडी बढाईने छ ।

४१. नगर भित्र संचालन भएका खानेपानी उपभोक्ताबाट संचालीत भएका आयोजनाहरुको उपभोक्ता मुल्य समायोजन गर्न नीति अवलम्बन गरिने छ ।

४२. नगर भित्रका मुख्य चोकहरुमा निजि क्षेत्रको सहकार्यमा स-शुल्क पार्किङको क्षेत्र तोकी, नगर भित्र दर्ता भई संचालनमा आएका अटोहरुलाई थप व्यवस्थित गरिने छ ।

४३. नगर भित्र पशुपंक्षी पालन गरेका कृषक परिवारका लागी कृषक, नगरपालिका र निजि क्षेत्रको लगानिमा वायो ग्याँस प्रणालि निर्माण गर्ने कार्यको निरन्तरता गरिने छ ।

४४. नगरपालिका भित्रको खेती योग्य जमिनमा सिँचाईको प्रर्याप्तता सुनिश्चित गर्न भईरहेका र जीर्ण अवस्थाका कुलो, सिचाई पूर्वाधार निर्माण तथा र्ममत गरिने छ ।

४५. आई.पी.एम कृषक पाठशालालाई निरन्तरता दिइने छ ।

४६. कृषियोग्य भुमीको पूर्ण उपयोग सुनिश्चितता गर्न नगरपालिका भित्र रहेका बाझो जमिन राख्ने कार्यलाई दुरुत्साहन गरिने छ ।

४७. विपन्न तथा सिमान्तकृत कृषकहरुका लागि उनीहरुको आयस्तर बृद्धि गर्ने खालका कार्यक्रमहरु संचालनका लागि एक वडा एक उत्पादनलाई विशेष जोड दिईने छ ।

४८. कृषि जन्य एंव पशुजन्य उत्पादनमा बढवा दिन नारायण नगरको भूगोललाई मध्यनजर गर्दै कृषकका समस्या समाधान गर्ने गरि प्राविधिक जनशक्ति सहितको सेवा केन्द्र स्थापना गरिनेछ ।

४९. स्थानीय उत्पादन प्रवर्द्धनका लागि नगरपालिकाको संभावित स्थानहरुमा बहुउदेश्यीय सहकारी, समुह, कृषि फर्म माध्यामबाट खाद्यान्न वाली, फलफुल, तरकारी, दुध र मासुमा आत्मनिर्भर तर्फ प्रोत्साहन गरिनेछ ।

५०. कृषि उत्पादनमा लागेको लागत भन्दा कम मूल्यमा कृषि उपजहरु विक्रि गर्नुपर्ने बाध्यता हटाउन कृषि क्षेत्रसम्म पुग्ने सडक पूर्वाधारहरु आवश्यकता अनुसार थप विस्तार गरिनेछ । स्थानीय कृषि उत्पादनको व्यवस्थित बजारीकरणका लागि बजार क्षेत्र भित्र रहेको हाटबजारलाई, तरकारी संकलन केन्द, चिस्यान केन्द्र प्रयोगमा ल्याई विक्रि वितरण गर्ने व्यवस्था मिलाईनेछ । साथै उत्पादन प्रोत्साहन कार्यक्रममा कृषकहरुलाई समेटिने छ ।

५१. कृषि तथा पशुपंक्षि विकास तथा उत्पादन र उत्पादकत्वलाई शुनिश्चितता गर्नको लागी पूँजीको परिचालन गर्न वित्तिय संस्था एव बैकहरुसंग सहुलियत कर्जा प्राप्तीका लागी सम्वन्धीत वडाको सिफारिसमा नगरपालिका जमानी बस्ने गरी कृषकलाई ग्रामीण  क्षेत्रको अचल र चल सम्पतीसहितको धितो शुनिश्चिता गर्ने नीति अवलम्वन गरिने छ ।

५२. पशुजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनिकरणका प्रविधिहरुको उपयोग, फार्म सुधार र यान्त्रिकीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम अभियानकै रुपमा व्यापक प्रचारप्रसारका साथ लगिनेछ साथै पशुस्वास्थ्य शिविर  संचालन गरिनेछ ।

५३. व्यवसायीक कृषकको पहिचान गरी कृषक परिचय पत्र उपलव्ध गराई, उत्कृष्ट कृषकलाई पुरस्कारको प्रवन्ध गरिने छ ।

५४. पशुजन्य बस्तुहरुको गुणस्तरीय उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिदैं विषयगत शाखा र सेवाकेन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला सेवा विस्तार ना.न.पा वडा नं. ६ स्थित रामपुरमा स्थापना गरि संचालन गरिनेछ ।

५५. नगरले निर्माण गरेको पशुवधशालालाई व्यवस्थित गरी आधुनिक पशुवधशाला स्थापनाका लागि जग्गा पहिचान, प्राविधिक अध्ययन तथा निर्माणको शुरुवात गरिनेछ ।

५६. स्थानीय स्तरमा उपलव्ध हुने जडिबुटी जन्य कच्चा पदार्थ, सिप, श्रम र प्रविधिको उपयोग गर्न घरेलु उद्योगको स्थापनामा विशेष जोड दिइनेछ । शुद्ध पिउने पानी व्यवस्थाका लागि साझेदार संस्था पहिचान गरि पानी प्रशोधन उद्योग स्थापनाको लागि विकास साझेदारी संस्थासग समन्वय गरिनेछ ।

५७. सुन्तला जात, बहुबर्षे फलफूल नर्सरी स्थापनाको लागी आवश्यक व्यवस्था गरिनेछ ।

५८. पशुजन्य पदार्थहरुको उत्पादन लागत न्यूनिकरण गर्न बहुवर्षीय हरियो घाँस विकास कार्यक्रम प्राथमिकताका साथ कार्यन्वयन गरिने छ ।

५९. पलाष्टिक जन्य बस्तु उपभोगलाई बातावरणीय अनुकुलनलाई कायम गर्न पलाष्टिक जन्य बस्तुहरु प्रयोगमा न्यूनीकरण गर्न आवश्यक नीति अवलम्वन गरिने छ ।

६०. सहकारी अभियान मार्फत समुदाय स्तरमा रहेका सहकारीहरुको प्रवर्द्धन गरी युवा स्वरोजगार कार्यक्रम संचालन गरिने छ ।

६१. सहकारीको माध्यमबाट पूँजीको अधिकतम परिचालन गरी सो पूँजीलाई उत्पादनमा केन्द्रित गरिनेछ । नारायण नगरमा रहेका सहकारी संस्थाहरु समुदायस्तरमा प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिई पालिका भित्रका सहकारीहरुको संस्थागत विकास गरिनेछ ।

६२. निजी क्षेत्रको सक्रिय सहभागिता अभिवृद्धि गर्न नगरबाट सहजकर्ता, उत्प्रेरक र नियामकको भूमिका निर्वाह गरिनेछ ।

६३. यूवा सूचना केन्द्रको निर्माण गरी उत्पादन र खोजमूलक सूचना र आविस्कार को पोस्टर पप्लेट र प्रचा प्रचार भिडीयो वा अडियो  संम्वाद वा  प्रत्यक्षीकरण कार्यकम मा नवप्रतिभा र सो क्षेत्रसंग सम्वन्धीतनागरिक वा संस्थासंग समन्वय गरी आवश्यक क्रियाकलाप संचालन गरिने छ  ।

६४. युवा तथा उद्यमीहरुलाई नविन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधी हस्तान्तरण, वित्तीय पहुचँ सहजीकरण र बजारीकरणका कार्यक्रमसंग आवद्ध गराई रोजगारी अभिबृद्धिका कार्यक्रम संचालन गरिने छ।

६५. विभिन्न यूवा क्लव, बेरोजगार यूवाहरुलाई विभिन्न किसिमका आर्य आर्जन र सीप विकासका कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

६६. रोजगार सेवा केन्द्रलाई रोजगार बैंकको रुपमा विकास गरिने छ । यस रोजगार केन्द्रमा नगरपालिका भित्रका विपन्न परिवारका बेरोजगार व्यक्तिहरु सुचिकरण गरी न्युनतम १०० दिनको रोजगारी प्रत्याभुति गर्ने कार्यका लागि नगरपालिकाले त्यस्ता आयोजना थप व्यवस्थापन गर्न नगर प्रमुख रोजगार कार्यक्रम संचालन गरि साझेदारी गरिने छ ।

६७. आफ्नो गाउँ आफै बनाउ स्वरोजगार कार्यक्रम अर्न्तगत उद्यम विकास, सामाजिक समावेशिकरण, समानताका लागि सामाजिक परिचालन गर्न सामाजिक विकास कोष निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

६८. स्वरोजगार, आत्मनिर्भर र आर्थिक समृद्धिका लागि, लघु उद्यम गरौ, गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम भन्ने मुल नाराका साथ आगामी आ.व.मा नगरभित्र थप नयाँ उद्यमी सिर्जना गर्न र पुराना उद्यमीहरुको स्तरोन्नती कार्य थप व्यापकरुपमा संचालन गरिनेछ ।

६९. गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत छोटो, मध्यम र लामो अवधिको प्राविधिक सिप विकास तालिम संचालन गरि नगर भित्रको आन्तरिक उत्पादनमा बृद्धि गरिनेछ ।

७०. पर्यटकीय सम्पदाको अल्पकालिन,मध्यकालीन र दिर्घकालीन गुरुयोजना तर्जुमा गरी आवधीक योजनामा समावेश गराई बार्षिक कार्यक्रम तयार गरी कार्यन्वयनमा ल्याईने छ ।

७१. ठुला आयोजना संचालन गर्दा वा नदिजन्य पदार्थको उत्खनन गर्नु अघि IEE / EIA लाई अनिवार्य गरिने छ । यसै गरी जैविक विविधता विकास गर्ने नीतिलाई अबलम्बन गरिने छ ।

७२. स्थानिय नागरिकलाई स्वरोजगारका अवसर सिर्जना हुने तथा जीवनस्तरमा सुधार ल्याउने पर्यटन पूर्वाधारको विकासमा जोड दिईनेछ ।

७३. प्राकृतिक र सास्कृतिक सम्पदाको दिगो उपयोग गर्न प्रभावकारी योजना बनाई निजि क्षेत्र र विकास साझेदारी संघ संस्थासगंको सहकार्यमा पर्या पर्यटनको विकासलाई प्राथमिकता दिइने छ ।

७४. पालिकाका भित्र रहेका ऐतिहासिक देवल, गढी, मठ मन्दीर,पार्क क्षेत्रमा सहज आवगमन गर्नका लागि सडक स्तरउन्नती कार्यलाई निरन्तरता दिईनेछ छ ।

७५. आदिवासी, जनजाति पिछडावर्ग आदीको भाषा, लिपि, बाजागाजा, रीतीरिवाज परम्परा, सँस्कृति आदिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

७६. घरेलु साना उद्योग सञ्चालन गर्ने व्यावसायीलाई प्रवर्द्धनका लागी विषेश पहल गरिने छ ।

सामाजिक विकास तर्फ

७७. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सम्बद्ध बिज्ञहरु सम्ममिलित निर्माण गरिएको नगर शिक्षा योजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७८. बालशिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ । सो अनुरुप एक माध्यमिक विद्यालय एक प्राविधिक विषय संचालनका लागी सम्वन्धीत निकायसंग समन्वय गरिनेछ ।

७९. सबै संस्थागत र सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय बिषय हाम्रो नारायण हाम्रो पहिचानको पाठ्यक्रम अनुरुप पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८०. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गर्ने नीति लिईने छ ।

८१. प्रारम्भिक बालविकासका कार्यक्रमहरु संघन रुपमा संचालन गरिने छ साथै सामुदायिक विद्यालयहरुको विद्यालय क्षेत्र सुधार कार्यक्रम कडाईका साथ संचालन गरिनेछ ।

८२. संस्थागत विद्यालयहरुको शुल्क पुनरावलोकन गरी वैज्ञानिक र मापदण्डमा आधारित बनाइनेछ ।

८३. निजीस्तरमा संचालित शैक्षिक परामर्श केन्द्र, कोचिङ्ग सेन्टर, तालिम केन्द्र लगायतका संस्थाहरुको अभिलेखीकरण गरी नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

८४. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्याथीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि विद्यालय नर्स परिचालन कार्य थप व्यवस्थित गरिनेछ ।

८५. CTEVT वाट सम्बन्धन प्राप्त गरि संचालनमा आएका प्राबिधिक शिक्षालयलाई सहजीकरण र नियमन गर्न आवश्यक पहल गरिने छ ।

८६. साक्षर नगर कायम राख्न समुदायको माग अनुसार साक्षरता कक्षा संचालन गर्नुका साथै निरन्तर सिकाईका अवसर प्रदान गर्न हाल संचालन रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई सक्रिय र जिम्मेवार बनाइने छ । साथै विद्यालयमा हुनै अतिरक्ति क्रियाकलापहरुमा वातवरणीय अनुकुलित हुने ईभेन्टहरु संचालन गर्न प्रुरित गरिने छ ।

८७. महिला शिक्षक प्रसुति बिदामा बसेको समयमा विद्यार्थीको शिक्षण सिकाई कार्यमा बाधा आउन नदिन सो विद्यालयको अरु दरबन्दीको विश्लेषण गरि आवश्यकता अनुसार त्यस अवधिका लागी बैकल्पिक शिक्षक व्यवस्था गरि शिक्षण सिकाई कार्यलाई सहजीकरण गरिने छ ।

८८. नगरपालिका बाट प्रदान गरिदै आएको ३ बर्षे प्राबिधिक शिक्षा अध्ययन गर्ने विपन्न जेहेन्दार छात्रवृतिलाइ यस आ.व.मा पनि निरन्तरता दिईने छ ।

८९. प्रचलित नियम अनुसार सामुदायिक विद्यालयको तहगत रुपमा प्र.अ. व्यवस्थापन गरि कार्य सम्पादन करार सम्झौताको आधारमा थप प्रोत्साहन  गरिने व्यवस्था मिनाईनेछ ।

९०. शिक्षकहरुको क्षमता बिकास गरि अंग्रेजी माध्यम बाट शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न नीति तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

९१. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा वितरण हुने सेनिटरी प्याड उचित व्यस्थापन गर्न आवश्यक व्यवस्थापन गरिनेछ साथै सामुदायिक स्तरमा संचालित सबै प्रकारका विद्यालय हरुमा विद्यार्थीहरुको पोशाकमा एक रुपता  ल्याउने व्यवस्था गरिने छ ।

९२. दिवा खाजामा पोषणयुक्त रैथाने तथा स्थानीय उत्पादित वाली वस्तुको प्रयोग गर्न कार्यविधि बनाई लागु गरिने छ ।

९३. अभिभावकहरुलाई सामुदायिक विद्यालयहरु प्रति अपनत्व र जवाफदेहि बनाउन अभिभावक शिक्षालाई सघन रुपमा संचालन गरिने छ ।

९४. सिकाई स्थलको भौतिक सुदृढीकरण, सिकाई उपलब्धि अभिवृद्धि, योग्यता पुगेका प्रधानाध्यापकको  सुनिश्चतता, शिक्षक- कर्मचारी दरबन्दी मिलान, कार्य सम्पादनका आधारमा मुल्यांकन, शिक्षक विद्यार्थी र अभिभावक बिच समधुर सम्बन्ध निर्माण गर्ने वातावरण सिर्जना, शिक्षण सिकाई सुधार योजना, सुचना तथा संचार प्रविधिको प्रयोग जस्ता कार्य गरी यस आ.व.देखी सिकाई सवलीकरण वर्षका रुपमा शैक्षिक रुपान्तरणको अभियानकै थालनी गरिनेछ ।

९५. विद्यालयले प्रत्येक शुक्रबारलाई STEAM and Cultural Friday ( Science, Technology, Engineering and Mathematics) स्टिम र साँस्कृतिक शुक्रबारको रुपमा कार्यक्रम संचालन गरी शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने नीति लिइनेछ ।

९६. हाल बालविकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय गरी श्रम अनुसारको पारिश्रमीक उपलब्ध गराउन पहल गर्नुका साथै नगर स्रोतबाट राखिएका शिक्षक, कर्मचारीहरुका सन्दर्भमा विद्यालयको आवश्यकता र औचित्यका आधारमा निरन्तरता दिइने छ ।

९७. नेपालको संविधानको प्रावधान एवं दिगो विकास लक्ष्य बमोजिम सबै बालबालिकाको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको हक सुनिश्चित गर्ने व्यवस्था मिलाईने छ ।

९८. गुणस्तरिय शिक्षण सिकाईको वातावरण निर्माण गर्न सामुदायीक विद्यालयहरुमा संचालनमा रहेको इन्टरनेट, कम्प्युटरको उपयोगलाई प्राथामिकता दिई विषयगत रुपमा शैक्षिक सामग्री व्यवस्थापनका लागी आवश्यक पूर्वाधारको उपलब्ध गराईने छ ।

९९. विद्यालयलाई अपाङ्गमैत्रि र छात्रा मैत्री बनाउन विशेष पहल गरिने छ ।

१००. विद्यार्थीका शैक्षिक तथा अन्य सिकाई क्रियाकलापलाई पृष्ठपोषण प्रदान गर्न बालबालिकासंग नगरप्रमुख कार्यक्रम संचालन गरिने छ ।

१०१. यूवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी बोध गराउन, विपद व्यवस्थापनमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम संचालन गर्न नेपाली सेना, सशस्त्र प्रहरीवल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी र नेपाल स्काउट जस्ता संस्थाहरुसगंको समन्वयमा युवाहरुलाई विपत व्यवस्थापन,लागु औषध दुरवेसनीको अन्त्य, विभिन्न सामाजिक कुरीती र विभेदको अन्त्य गर्न स्वयंसेवी तालीम दिई परिचालन साथै दुर्वशनीमा लागेकालाई सुधार, परामर्श केन्द्र संचालनको पहल गरिने छ ।

१०२. नगरस्तरीय खेल प्रतियोगिता संचालनका लागी प्रोत्साहन गर्नुका साथै अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश स्तरीय खेलमा पदक जित्ने खेलाडीहरुलाई पुरस्कृत गरिने छ ।

१०३. खेल क्षेत्रको विकासका लागि आवश्यक कानून निर्माण गरी नगर खेलकुद विकास समिति गठन गरिने छ ।

१०४. नगर भित्रका साहित्य, कला र संस्कृतिको अध्ययन, अनुसन्धान गरी संरक्षण सम्वर्द्धन कार्यका लागी समिति आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

१०५. “युवालाई रोजगार, समृद्ध नारायण नगर” मूल मर्मलाई सार्थक बनाउन युवा वर्गलाई लामो अवधिको सीपमुलक तालिम दिई स्वरोजगार सिर्जना गर्न साझेदार संस्थाहरुको सहयोग र समन्वयमा जोड दिइनेछ ।

१०६. खेलाडीहरुलाई प्रोत्साहन एवं राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई सार्थक बनाउन खेलकुद विकास नीतिलाई निरन्तरता दिई राष्ट्रपति रनिङ शिल्ड, नगर प्रमुख कप जस्ता प्रतियोगिता संचालन गरिने छ ।

१०७. यूवा सक्रियताका लागि वडास्तरीय युवा क्लबहरु तथा नगरस्तरीय युवा संजाल गठन भई नमूना युवा संसदको अभ्यास समेत गर्ने नीति लिइएको छ ।

१०८. प्राकृतिक उपचार, यात्रा साधना आध्यात्मिक केन्द संचालन समवद्धन र प्रवर्द्धन गरिने छ ।

१०९. स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी वनाउन सम्पूर्ण नागरिकलाई सहज पहुँच योग्य बनाउन उत्प्रेरणा मूलक क्रियाकलापहरु संचालन गर्न प्रत्येक वडामा विमा सहजकर्ता मार्फत व्यवस्था गरिनेछ ।

११०. धुम्रपान, मध्यपान, लागुपदार्थ रोकथाम नियमन र नियन्त्रण तथा सार्वजनिक स्थलमा निषेधित बोर्ड राखि दुग्धपदार्थ सेवनका जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१११. गर्भपवतीसंग नगर उप प्रमुख भेटघाट कार्यक्रम निरत्तरता दिदै प्रत्येक वडामा २ महिनाको १ पटक अनिवार्य गर्भवती महिलाको रक्त समूह र अल्ट्रासाउण्ड चेकजाँचको व्यवस्था गरिनेछ ।

११२. १ घर ५ योग ५ जडीबुटी अभियान, घुम्ती शिविर स्वरुप संचालन गरीनेछ ।

११३. निजी स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तर बृद्दिका लागि समन्वय, सुचना प्रणालीमा जोड्दै अनुगमन, औषधीको समुचित प्रयोगमा ल्याउन पहल गरिर्नेछ ।

११४. आमा समुह भवन, खोप, गाउँघर क्लिनिक, स्वास्थ्य संस्थाहरु निमार्ण, मर्मत सुधार, गर्नकालागि आवश्यक समन्वय र सरोकारवाला दातृ निकायसंग साझेदारी गर्ने नीति लिईएको छ ।

११५. नारायण नगरपालिकाको भौगोलीक अवस्था र जनघनत्वको आधारमा ना.न.पा १० भवानी स्वास्थ्य चौकी र ना.न.पा ११ विन्ध्यावासिनी स्वास्थ्य चौकीबाट २४ सैं घण्टा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनको लागी आवश्यक व्यवस्था मिलाईने छ ।

११६. नेपाल सरकारले तोके अनुसार पोषण मैत्रि, किशोर किशोरी मैत्री, फरक क्षमतामैत्री, सुचना मैत्री, पूर्ण खोप युक्त, बर्थिङ्ग सेन्टर, गर्भपतन सेवा, संचालन भएका स्वास्थ्य संस्थाहरुको गुणस्तरीयता कायम राख्न आवश्यक पहल गरिनेछ ।

११७. स्वास्थ्यकर्मीहरुको जीवन रुपान्तरणका लागि व्यवहार परिवर्तनमुलक, उत्प्रेरक, मनोवल बृद्दि, क्षमता अभिबृद्दिमुलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

११८. त्रिवेणी स्वास्थ्य चौकीलाई ५ शैयाको अस्पताल संचालनको लागी १ जना मेडिकल अधिकृत र स्टाफ नर्सको व्यवस्था गरि सेवा संचालनको व्यवस्था मिलाईनेछ ।

११९. नेपालमा मातृशिशु तथा किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन र दीर्घ कुपोषणलाई न्यूनिकरण गर्नका लागि नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीयपोषण योजनाअर्न्तगतनेपाल सरकार र यस पालिकाको साझेदारीमा विगत बर्षदेखि कार्यान्वयनमा रहेको बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तता दिइनेछ ।

१२०. नगरपालिका तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई अझ बढि सक्रियबनाई पोषण विशेष तथा पोषण सम्वेदनशिल कार्यक्रमहरु प्रभावकारी रुपमा सन्चालन गर्न विषयतग शाखाहरुको बार्षिक कार्यक्रममा पोषणका क्रियाकलापहरु एकिकृत रुपमा समाबेश गरि विपन्न सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुको घरपरिवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

१२१. गर्भवती महिलालाई सुरक्षित सुत्केरी गराउन र ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१२२. पूर्ण खोपयुक्त नगरपालिकालाई निरन्तरताको रुपमा दिगोपनाको लागि अभियानको रुपमा अघि बढाईनेछ ।

१२३. बजारमा विक्रि हुने खाद्य पदार्थहरुको नियमित अनुगमन तथा नियमन गरी पोषण तथा स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रवर्द्धन,उत्पादन र प्रयोगको विस्तारमा जोड दिईने छ ।

१२४. समावेशि सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम तथा मनोपरामर्श सेवालाई नगरपालिकाले यस आ.व.मा पनि निरन्तरता दिईनेछ ।

१२५. स्वस्थ्य वृद्धा नगरको सान बदलौ समाज राखै ज्ञान कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकसंग नगर उपप्रमुख भेटघाट कार्यक्रमलाई निरन्तरता दिनुका साथै महिला तथा ज्येष्ठ नागरिकका लागि स्वास्थ्य उपचारमा पहुँच बढाउने एवं

मानसिक तथा दिर्घ रोग भएका विरामीलाई निःशुल्क स्वास्थ्य परिक्षण र औषधी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

१२६. एकल महिला, कमजोर र पिछडिएका वर्ग, जातीय विभेद र विभिन्न खाले समाजमा हुने कुरुतीलाई अन्त्य गरी लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको नीति अवलम्बन गरिने छ ।

१२७. एकल पूरुष र एकल महिला र यौनीक अल्पसंख्यकलाई मासिक रुपमा एक हजार भत्तालाई निरन्तरता दिईनेछ ।

१२८. सबलीकरण गर्नुपर्ने वर्ग तथा समुदायलाई समग्र विकास कार्यक्रममा पहुँच पुऱ्याउन सम्भाव्यता अध्ययन गरी सम्बन्धित वडाको समन्वयमा उनीहरुकै मागको आधारमा सीप तथा आयआर्जन कार्यक्रम संचालन गरिने छ ।

१२९. लैङ्गिक हिंसा अन्त्य तथा महिला सशक्तिकरणका लागि कार्ययोजना तयार गरी हिंसा विरुद्ध शून्य सहनशिलता नीति अवलम्वन गरिने छ ।

१३०. हालसम्म सेवा प्रवाहका लागि विभिन्न निकायबाट गठित छरिएर रहेका महिला समुह तथा आमा समुहलाई एकिकृत गरी सोही समूह मार्फत महिला सशक्तिकरण कार्यक्रम संचालन गरिने छ ।

१३१. बालमैत्री शासन पद्धति अवलम्बन गर्ने नीति अनुरुप निर्दिष्ट सूचकहरु पुरा गरी नारायण नगरपालिकालाई बालमैत्री नगर घोषणको लागि वालमैत्री वडा घोषणा अभियानलाई तिव्रता दिईने छ ।

१३२. "जसको सवाल उसैको नेतृत्व" भन्ने जस्ता क्षरक क्षमता भएकै क्षेत्रमा क्रियाशिल गैरसरकारी संघ संस्थाहरुको अगुवाईमा सम्बन्धित वडासंगको समन्वयमा फरक क्षमता सम्बन्धी कार्यक्रम संचालन गरिने छ । फरक क्षमता भएका व्यक्तिहरुका लागि सहायता सामाग्री उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१३३. सुकुमबासी र पूर्जाविहिन १० वर्ष देखि लगातार भोगचलन गर्दै आएका जग्गा धनी प्रमाण पुर्जा प्राप्त नगरेका मोहिहरुलाई केन्द्र सरकारको नीति अनुरुप जग्गा धनी प्रमाण पूर्जा यस आर्थिक वर्षमा उपलब्ध गराउन पहल गरिनेछ । विपन्न नागरिकका लागि जनता आवास मार्फत घर निर्माणका प्रक्रिया अगाडि बढाइनेछ ।

१३४. ल्यान्डफिल साइडको ए.आ.ई अन्तिम चरणमा भएकोले फोहोर विसर्जनको लागि ल्याण्डफिलसाईट निर्माण कार्य यस आव देखि सुरुवात गरिनेछ ।

१३५. नगरभित्र सार्वजनिक स्थानहरुमा खुल्ला रुपमा छाडा चौपाए गाईवस्तु तथा कुकुर अन्य घरपालुवा जनावर छाडा छोड्ने परम्पराको अन्त्य गरिनेछ तथा अटेर गर्नेलाई दण्ड जरिवाना गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

१३६. वातावरण संरक्षण ऐन २०७६ ले निर्दिष्ट गरेअनुसार जलवायु परीवर्तनको प्रतिकुल असर र जोखिमबाट बच्नको लागि तयार गरिएको स्थानीय अनुकुलन योजना (LAPA) लाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

१३७. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागी विशेष नीति लिइनेछ । नगरपालिकामा आधारभूत साधनस्रोत सम्पन्न आपतकालिन कार्यसंचालन केन्द्रको स्थापना गरिनेछ ।

१३८. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने कानूनहरु निर्माण तथा परिमार्जन गरि कार्यसम्पादनमा सहजता ल्याईनेछ ।

१३९. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरेका अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य गरी समानान्तर सिकाईको अवधारणालाई व्यवहारमा उतारिनेछ । अन्तर निकाय समन्वयको कार्यलाई बलियो बनाईनेछ ।

१४०. नगर विपद् तथा जलबायु उत्थानशील योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको लागी आवश्यक प्रबन्ध मिलाईनेछ ।

१४१. विकास कार्यमा मूलप्रवाहीकरणको नीति लिईनेछ । हरेक विकास कार्यलाई विपद् जोखिमका दृष्ट्रिले सुरक्षित र दीगो बनाउन संरचनागत, संस्थागत र कानूनी प्रक्रियामा आवश्यक परिमार्जन तथा परिष्कृत गर्दै लगिनेछ ।

१४२. "मेरो फोहोर, मेरो जिम्मेवारी" भन्ने भावना हरेक नगरबासीमा जागृत गराउन, फोहोरमैला व्यवस्थापन, बजारको सौन्दर्यता कायम राख्न एक घर दुई गमला कार्यक्रमहरुलाई दिगो वनाउन टोल विकास समितिलाई जिम्मेवार बनाईन्छ ।

१४३. नगरभित्र फोहोर संकलन गर्दा स्रोतमा नै छुट्याउने गरि नागरिकलाई प्रोत्साहित गरिनेछ । Recyle, Reuse and Reduce (3R) को अवधारणालाई निरन्तरता गरिनेछ ।

१४४. अस्पताल, नर्सिङ होम तथा औषधी पसलहरुबाट निस्कने फोहोरको व्यस्थापनमा सम्बन्धित पक्षलाई बढी जिम्मेवार बनाउने पहल गरिनेछ ।

१४५. नगरको भूमिको उचित व्यवस्थापनका लागि माटो नक्सांकन कार्यलाई अगाडी बढाउन पहल गरिनेछ ।

१४६. नगरका विभिन्न टोल बस्तीमा बाटो लैजाने क्रममा नागरिकको जग्गा सार्वजनिक सडकमा परेको तर नागरिकहरुले सडकमा परेको जग्गाको समेत कर तिर्नु परिरेहेको अवस्थालाई मध्यनजर गर्दै उक्त जग्गाको यथाशिघ्र भु-उपयोग मापदण्ड २०७९ अनुसार लगत कट्टा गर्ने व्यवस्था मिलाईने छ ।

१४७. कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो भन्ने अवधारणाको विकास गर्न स्वयंकर निर्धारण पद्धतीमार्फत करदातालाई नै पहिलो कर प्रशासनको रुपमा लिने गरि कर सम्बन्धि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४८. राजश्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एव्म करदातामैत्री बनाईने छ ।

१४९. रोजगारी तथा उत्पादन प्रवद्धन गर्ने क्षेत्रमा लगाईने करमा घट्दो दरमा कायमगरी कर प्रणालीले समेत उत्पादन मुलक क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिको शुरुवात गरिनेछ ।

१५०. राजश्व चुहावट शुन्य बनाउने गरी राजश्व सम्बन्धी कार्यक्रमहरु तय गरिनेछ र करको दरमा यथावत राखी दायरावृद्धि गर्ने नीति लिईनेछ ।

१५१. नगरपालिका भित्र व्यवसाय गर्ने सबैलाई करको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ ।

१५२. स्थानीय तहमा भ्रष्टाचार मुक्त प्रशासन, गुणस्तरीय विकास निर्माण र शुशासनलाई ढृढतापूर्वक कार्यान्वयन गर्ने निती लिइएको छ ।

१५३. स्थानीय तहको कार्य प्रभावकारी बनाउदै विद्युतीय सुशासनका विधिहरु उपयोग गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ ।

१५४. राजस्व असुलि प्रणालीलाई सूत्रमा समावेश गरी अनलाईनबाट सेवा प्रवाह गराउन पहल गरिने छ ।

१५५. भौतिक रुपमा टाढा रहेको करदातालाई विभिन्न अनलाईन प्रणालीबाट भुक्तानीको प्रवन्ध मिलाईनेछ ।

१५६. सबै वडा कार्यालयहरु, विद्यालय तथा सेवाकेन्द्रहरुलाई प्रभावकारी विद्युतीय सुशासन नेटवर्कमा गाँसिनेछ । ई-हाजिरी, आन्तरिक नेटवर्किङ, वेबपेज व्यवस्थापन जस्ता कार्य चुस्त पारिनेछ ।

१५७. आवश्यक जनशक्तिको पर्याप्त आपूर्ति गरी नगरका क्रियाकलापहरुलाई गुणस्तरीय बनाउनुका साथै जनशक्तिको दक्षता र क्षमता अभिवृद्धि गर्दै कार्यपद्धतिमा चुस्तता दिइनेछ ।

१५८. सूचना प्रविधिलाई यसको उपकरण र सेवाहरुको प्रयोगको स्तरसम्म सीमित नराखी गुणस्तरीय सुचना प्रविधि उपकरण तथा सेवाहरुको खरिद तथा संस्थागत अभिलेख राखी खरिद गरिएका उपकरण तथा सेवाहरुको संरक्षण गर्ने नीति लिइनेछ ।

१५९. नगरको आफ्नै सर्भरमा तथ्यांक राख्ने तथा त्यसको सुरक्षा एवं संरक्षण गर्नका लागी सर्भर खरिद गर्नुका साथै डाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइवर सुरक्षाको लागी आवश्यक कार्य अगाडी बढाईनेछ ।

१६०. नागरिक सन्तुष्टी सर्वेक्षण र पालिकाका क्रियाकलापहरुलाई पारदशिता बनाउनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, नागरिक प्रतिवेदन पत्र, बर्हिगमन विधि लगायतका शुशासनका औजारहरु अवलम्बन गरिनेछ ।

१६१. भुक्तानी प्रक्रियालाई सरल एवं शिघ्र बनाउनको लागि भुक्तानी प्रकृया र फरफारक सम्बन्धमा उपभोक्ता समिति तथा आमसेवाग्राहीहरुलाई खरिद ऐन नियम तथा कार्यविधिका सम्बन्धमा पुर्नताजकि तालिमको व्यवस्था गरिनेछ ।

१६२. नगरपालिकामा टोल फ्री नं. १६६०८९१११३५ मार्फत हरेक नागरिकहरुका गुनासो सुनुवाई र गुनासो सम्बोधन निरन्तरता दिईने छ ।

१६३. सुझावलाई ग्रहण गरी गुनासो सुनुवाई गरी शुशासन र पारदर्शिता कायम गर्न हरेक नागरिक नगर प्रमुखसंग संम्वाद कार्यक्रम प्रत्येक महिनाको पहिलो शुक्रवार बिहान ७ देखी १० बजेसम्मको कार्यक्रम शुरुवात गरिने छ ।

१६४. आर्थिक कार्य प्रणालीलाई सरल एवं प्रभावकारी तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित बनाउन सूचना प्रविधिमा आधारित हाल कार्यान्वयनमा रहेको सूत्र (SuTRA) प्रणालीलाई अझ व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१६५. स्थानीय सरकार संचालनका नवीन आयामहरुसंग परिचित हुने उदेश्यका साथ स्थानीय जनप्रतिनिधि तथा कर्मचारीहरुलाई उपयुक्त आन्तरिक तथा बाह्य अध्ययन भ्रमणमा लैजाने नीति लिईनेछ

१६६. नगरका कार्यालय परिसर तथा वडा कार्यालयहरुमा आगन्तुक तथा सेवाग्राहीका लागी सूचना तथा ज्ञान आदान प्रदान गर्न रिडिङ कर्नर तथा पर्यटकिय सूचना डेस्क स्थापनाका लागी पहल गरिनेछ ।

१६७. सेवा प्रवाहमा First come First Service, टोकन प्रणाली लागू एवं हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी E-Governance लाई तीव्रता दिइनेछ । कम्प्यूटर प्रविधि तथा इन्टरनेटमा आधारित (Online Servives) लाई अझ प्रभावकारी बनाउने नीति लिईने छ । सूचना प्रवाह तथा नगरबासीसंग अर्न्तक्रिया गर्न स्थानीय रेडियोसंग समन्वय गरिनुका साथै सामाजिक सञ्जालको प्रयोग गरिनेछ ।

**१६८.** नगरपलिकामा कार्यरत कर्मचारीको क्षमता वृद्धि विकास र प्रोत्साहनको लागी उचित नीति अंगिकार गरिनेछ ।

सुशासन कायम राख्न आवश्यक कानूनहरु समयानुकुल निर्माण र संशोधन गरी लागू गरिनेछ साथै न्यायीक समितिले विवाद निरुपण र मेलमिलापको माध्यमबाट विवाद निरुपण गर्नका निम्ती न्यायिक समिति, मेलमिलाप सहजकर्ता र सरोकारवालालाई स्थानीय सरकार संचालन ऐन अनुरुप २४ वटा अधिकाकर क्षेत्रको बारेमा अभिमुखीकरण गरिनेछ ।

लोकतान्त्रिक विधिबाट तर्जुमा गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको अपरिहार्यता छ । अतः यस अवसरमा समृद्ध नारायण नगरपालिका निर्माणको महान अभियानमा सहकार्यको लागी सम्पूर्ण सरकारी निकाय, निजी क्षेत्र, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, गैर सरकारी संस्था, टोल विकास संस्था तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्न चाहन्छु ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने विषय विज्ञ महानुभावहरु, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवि, निजी क्षेत्र, विषयगत समितिका संयोजक एवं कार्यपालिका सदस्य ज्यू, नगरसभाका सदस्य ज्यूहरु, नगरबासी दीदीबहिनी तथा दाजुभाई, नगरका हरेक गतिविधिको सत्यतथ्य सूचना प्रवाह गरी सहयोग गर्ने सञ्चारकर्मी मित्रहरु शिक्षक एवं राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजि क्षेत्र, नगरका कर्मचारी, मतदाता र सम्पूर्ण बुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद !

लोमन शर्मा
नगर प्रमुख
३० जेठ २०८०